# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, भदौ ०२ गते, २०८२ साल (अतिरिक्ताङ्क १२

## भाग १

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको ऐन नं. ४

# कोशी प्रदेश खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

<u>प्रस्तावनाः</u> खानेपानी तथा सरसफाई सेवा प्राप्त गर्ने नागरिकको मौलिक हक एवं मानव अधिकारको सम्मान र संरक्षण गर्दै सुरक्षित, दिगो एवं व्यवस्थित खानेपानी तथा सरसफाई सम्बन्धी सेवा सहज एवं सर्वसुलभ रुपमा उपलब्ध गराउने उद्देश्यका लागि प्रदेशमा त्यस्तो सेवाको व्यवस्थापन, नियमन तथा अनुगमन कार्य प्रभावकारी बनाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले

नेपालको संविधान अनुसार कोशी प्रदेश, प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम **"कोशी प्रदेश खानेपानी तथा सरसफाई ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अनुमतिपत्र"** भन्नाले दफा १० बमोजिम दिईने अनुमतिपत्र सम्झनु पर्छ।

(ख) **"अनुमतिपत्र प्राप्त संस्था"** भन्नाले खानेपानी तथा सरसफाई सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्छ र सो शब्दले खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन, व्यवस्थापन तथा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय विराटनगर

तथा औद्योगिक उपयोग गर्न वा गराउन यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेका सेवा प्रदायकलाई समेत जनाउँछ।

(ग) **"आयोजना"** भन्नाले खानेपानी तथा सरसफाई सम्बन्धी सेवा प्रदान गर्न पूर्वाधार संरचनाको निर्माण सम्बन्धी आयोजनालाई सम्झनु पर्दछ र यस शव्दले खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको उपयोग, संरक्षण, विकास, निर्माण, विस्तार, मर्मत सम्भार, पुनर्स्थापना तथा व्यवस्थापन गर्न सञ्चालन हुने यस्तै प्रकारका योजना वा कार्यक्रमलाई समेत जनाउँछ।

(घ) **"उपभोक्ता"** भन्नाले खानेपानी तथा सरसफाई सेवा उपभोग वा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(ङ) **"उपभोक्ता समिति"** भन्नाले आपसी सहयोगमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कुनै वा सबै सेवा प्रदान गर्न वा गराउन प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा स्थापित उपभोक्ताहरूको खानेपानी तथा सरसफाई संस्था वा समिति सम्झनु पर्छ।

(च) **"खानेपानी सेवा"** भन्नाले तोकिएको मापदण्ड बमोजिम खानेपानीको सञ्चय, स्थानान्तरण, प्रशोधन तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, टयाङकर वा बोतलबन्दी रुपमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ।

(छ) **"खानेपानीको सार्वजनिक उपयोग"** भन्नाले सार्वजनिक रुपमा उपभोक्ताका लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले अग्नि नियन्त्रण लगायत अत्यावश्यक अवस्थाहरूमा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ।

(ज) **"खानेपानीको संस्थागत उपयोग"** भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारीक संस्थाहरूले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरूले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ।

(झ) **"खानेपानीको स्रोत"** भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, ढुंगे धारा, ईनार, कुवा, मुल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ।

(ञ) **"घरेलु उपयोग"** भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ।

(ट) **"डिभिजन"** भन्नाले मन्त्रालय अन्तर्गतको कोशी प्रदेशभित्रका खानेपानी तथा सरसफाई डिभिजन कार्यालयलाई सम्झनु पर्छ।

(ठ) **"ढल व्यवस्थापन"** भन्नाले मानव मलमुत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट सुरक्षित संकलन, स्थानान्तरण, प्रशोधन, बिसर्जन वा पुनः प्रयोग लगायतका कार्य सम्झनु पर्छ।

(ड) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) **"परिषद्"** भन्नाले कोशी प्रदेश सरकारको खानेपानी तथा सरसफाई समन्वय परिषद्लाई जनाउँदछ।

(ण) **"प्रदेशस्तरीय खानेपानी तथा सरसफाई आयोजना"** भन्नाले संघीय सरकार वा प्रदेश सरकारले समय समयमा ऐन, नियम वा कार्यविधि बमोजिम तोकिएका आयोजनालाई जनाउँदछ।

(त) **"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(थ) **"फोहोरपानी"** भन्नाले पानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमुत्र सहित वा रहितको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

फोहोरपानी सम्झनु पर्छ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने बर्षातको पानीलाई समेत जनाउँदछ।

(द) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेश सरकारको कार्यविभाजन अनुसार खानेपानी तथा सरसफाई सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(ध) **"मातहतका कार्यालय"** भन्नाले यस मन्त्रालय अन्तर्गतका निर्देशनालय वा डिभिजन कार्यालय वा यस्तै अन्य कार्यलय समेतलाई सम्झनु पर्छ।

(न) **"शौचालय"** भन्नाले मानव मलमुत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने प्रयोजनको लागि निर्माण गरिएको वातावरण, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता तथा लैंगिक मैत्री सुबिधा सहितको भौतिक संरचनालाई जनाउँछ।

(प) **"स्थानीय तह"** भन्नाले प्रचलित कानून बमोजिम गठित गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महा-नगरपालिका सम्झनु पर्छ।

(फ) **"समिति"** भन्नाले दफा ३४ बमोजिमको समिति सम्झनु पर्छ।

(ब) **"सरसफाई सेवा"** भन्नाले फोहोरपानी व्यवस्थापन तथा ढल व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य वा पानीको स्रोतको संरक्षण गर्न ढल व्यवस्थापन प्रणाली, फोहोरपानी प्रशोधन प्रणाली तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

घरायसी तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा मानव मलमुत्र व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्छ र सो शब्दले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धीकरण गर्ने, व्यक्तिगत तथा महिनावारी सरसफाई कायम गर्ने र घरभित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गर्ने कार्यलाई समेत जनाउँछ।

(भ) **"सुरक्षित खानेपानी"** भन्नाले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड पूरा गरेको भरपर्दो, सहज र सुलभ रुपमा उपलब्ध पर्याप्त पानीलाई सुरक्षित खानेपानी सम्झनु पर्छ।

(म) **"सेवा प्रणाली"** भन्नाले खानेपानीको मुहान, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाई सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी, सरसफाई तथा स्वच्छता सेवासँग आवद्ध र त्यसमा भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ।

(य) **"सेवा प्रदायक"** भन्नाले खानेपानी, सरसफाई तथा स्वच्छता सेवासँग सम्बन्धित प्रणालीको निर्माण, सञ्चालन, मर्मत, पुनर्स्थापना तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाई तथा स्वच्छता सेवा उपलब्ध गराउने अनुमतिपत्र प्राप्त संगठित संस्था वा व्यक्ति सम्झनु पर्दछ। सो शब्दले खानेपानी, सरसफाई तथा स्वच्छता उपभोक्ता समिति वा संस्था समेतलाई जनाउँछ।

(र) **"सेवा क्षेत्र"** भन्नाले अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी, सरसफाई तथा स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद-२

## खानेपानी तथा सरसफाईको अधिकार तथा स्रोतको संरक्षण सम्बन्धी

३. खानेपानी तथा सरसफाईको अधिकारः (१) प्रत्येक नागरिकलाई विना भेदभाव खानेपानी तथा सरसफाई सेवामा सहज र सुलभ पहुँचको अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाईमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछः-

(क) सुरक्षित खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) सरसफाई र स्वच्छता सेवामा सहज र सुलभ रुपमा पहुँचको अधिकार।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(३) उपदफा (१) बमोजिम अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, परिपूर्ति र कार्यान्वयनका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री नीति, कानून र योजना, कार्यक्रम तथा बजेट, भौतिक संरचना र कार्यस्थल, अनुगमन तथा मूल्यांकनलाई प्रवर्द्धन गर्ने समेतको जिम्मेवारी प्रदेश सरकारको हुनेछ।

४. <u>खानेपानी तथा सरसफाई सेवा सम्बन्धी आयोजनामा प्रदेश सरकारको क्षेत्राधिकारः</u> (१) यस ऐन र प्रचलित कानून बमोजिम आफ्नो अधिकार अन्तर्गत जलश्रोतको उपयोग, विकास, संरक्षण एवम् सम्बर्द्धन गर्न कोशी प्रदेश सरकारको देहाय बमोजिमको क्षेत्राधिकार रहनेछः-

(क) तोकिए बमोजिमको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा जनसंख्यालाई खानेपानी तथा सरसफाई सेवा पुऱ्याउने आयोजना,

(ख) फोहोरपानी व्यवस्थापन तथा प्रशोधन सम्बन्धी आयोजना,

(ग) प्रदेशभित्रका एक भन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजना,

(घ) प्रदेश स्तरमा आधारभूत उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्य

(ङ) नेपाल सरकारले लागत, दिगोपना वा सेवा प्रवाहको प्रभावकारिताको दृष्टिले कुनै खानेपानी, सरसफाई तथा स्वच्छता आयोजनाको कार्यान्वयन प्रदेश सरकारबाट गर्ने भनी निर्धारण भएका आयोजनाहरू,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(च) प्रदेशको स्रोत, साधन र जनशक्तिको परिचालन गर्ने क्षमता समेतका आधारमा आफ्नो क्षेत्राधिकारभित्रका खानेपानी, सरसफाई तथा स्वच्छता आयोजनाको अनुमति, निर्माण, सञ्चालन, व्यवस्थापन, अनुगमन तथा नियमन।

(२) स्थानीय तहको क्षेत्राधिकारभित्रका कुनै खानेपानी तथा सरसफाई सेवा सम्बन्धी आयोजनाहरू सम्बन्धित स्थानीय तह र प्रदेश सरकारबाट निर्माण हुनुपर्ने भनी माग भई आएमा त्यस्ता आयोजनाहरूको निर्माणमा प्रदेश सरकारले सहयोग गर्न सक्नेछ।

(३) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको संयुक्त लगानीमा सञ्चालन हुने आयोजनाहरूमा प्रदेश सरकारले आफ्नो क्षमता अनुसार सह-लगानी तथा प्राविधिक सहभागिता जनाउन सक्नेछ।

५. <u>पानीको स्रोत माथिको अधिकार:</u> (१) खानेपानीको उपयोग गर्दा खानेपानी तथा घरेलु उपयोगलाई प्रचलित कानून बमोजिम पहिलो प्राथमिकता प्रदान गरिनेछ।

(२) कुनै व्यक्ति वा समुदायले घरेलु प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीमा सोही प्रयोजनको लागि त्यस्तो व्यक्ति वा समुदायको अग्राधिकार रहनेछ।

(३) खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा प्रभावित उपभोक्तालाई वैकल्पिक खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(४) प्रदेश भित्रका मध्यम स्तरका खानेपानी श्रोतको अधिकार प्रदेश सरकारको हुने छ।

६. <u>पानीको स्रोत तथा मुहानको संरक्षणः</u> (१) खानेपानीको मुहान तथा श्रोत संरक्षण गर्नु सबै सरकारी निकाय र नागरिक तथा संघ संस्थाको कर्तव्य हुनेछ।

(२) खानेपानीको स्रोत तथा मुहानको संरक्षणको लागि प्रदेश सरकारका सम्बन्धित निकायहरूको समेत सहयोग लिई सम्बन्धित स्थानीय तह, उपभोक्ता संस्था लगायतका सेवा प्रदायकहरू तथा सरोकारवालाको समन्वयमा देहाय बमोजिमका कार्यहरू गर्नु पर्नेछः-

(क) खानेपानीको स्रोत संरक्षणको लागि जलाधार, सिमसार र वन क्षेत्रको संरक्षण गरी बाढी, पहिरो नियन्त्रण गर्ने र खानेपानीको मुल वा मुहानलाई दिगो बनाई राख्न नियमित रुपमा मर्मत सम्भार र सरसफाई गर्ने,

(ख) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित सरोकारवालाहरूलाई सचेतना अभिवृद्धि गर्ने,

(घ) खानेपानीको स्रोत प्रदुषण हुन नदिन तथा पानीको मुल र बहाब क्षेत्रको संरक्षण गर्न, जैविक खेती गर्न र चरिचरन तथा आगलागी नियन्त्रण गर्न सरोकारवालाहरूलाई प्रोत्साहन गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(ङ) खानेपानीको मुहान र बहाब क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्ने गरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(च) खानेपानीको स्रोत, मुहानको संरक्षण र बहाब प्रणालीमा हुने प्रदुषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने।

(छ) जलवायु परिवर्तनबाट पर्ने प्रभावको अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी भूमिगत जलश्रोतमा पर्न जाने नकारात्क असरहरूको प्रभाव कम गर्न र जलश्रोतको संरक्षण गर्न भूमिगत तथा सतही जलश्रोतको संरक्षण तथा पूनर्भरणसँग सम्बन्धित संरचनाहरू निर्माण र व्यवस्थापन गर्ने।

(३) खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त सेवा प्रदायक संस्थाले आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमको कार्यहरू गर्नु पर्नेछ।

७. <u>स्वीकृति लिनु पर्नेः</u> (१) खानेपानी तथा सरसफाई सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित अनुमति प्रदान गर्ने निकायसँग समन्वय गरी तोकिए बमोजिमको स्वीकृति लिनु पर्नेछ।

(२) कुनै विकास आयोजनाका कारण उपभोक्ता समितिद्वारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार



आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

सम्बन्धित आयोजनाले गर्नु पर्नेछ, साथै प्रभावित उपभोक्ता समितिलाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

८. **अनुमतिपत्र लिनुपर्नेः** (१) यस ऐन वा प्रचलित कानूनमा लेखिए बाहेक प्रदेशको क्षेत्राधिकारभित्र पर्ने सबै खानेपानी तथा सरसफाई सम्बन्धी सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गर्न वा गराउन चाहेमा सेवा प्रदायकले यस ऐन बमोजिम मन्त्रालयबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको प्रविधि, लगानी र उपभोक्ता संख्याको आधारमा तोकिए बमोजिमको आयोजनाको सर्वेक्षण, निर्माण, विस्तार, पूनर्स्थापना र सञ्चालन तथा व्यवस्थापन गर्न तोकिए बमोजिमको संस्थाहरूले खानेपानी तथा सरसफाई सम्बन्धी सेवा प्रदान गर्न, कसैलाई प्रतिकूल असर नपर्ने गरी आफ्नो घर परिसरको फोहोरपानी आफ्नो जग्गामा विसर्जन गर्न, आफ्नो निजी जग्गा रहेको पानीको स्रोत घरेलु प्रयोजनको लागि प्रयोग गर्न अनुमति लिनु पर्ने छैन।

(३) सामुदायिक प्रयोजनको लागि उपभोक्ता समितिले खानेपानी, सरसफाई तथा स्वच्छता आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र उपयोग गर्न तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

९. <u>अनुमतिपत्रका लागि निवेदन दिनुपर्नेः</u> (१) यस ऐन बमोजिम खानेपानी तथा सरसफाई सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत वा व्यावसायिक तथा औद्योगिक उपयोग गर्न चाहने सेवा प्रदायकले तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिँदा सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका अन्य विवरण समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा आवश्यक छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा तोकिएको अधिकारीले सो बमोजिमका कागजात पेस गर्न वा स्पष्ट गर्न निवेदकलाई सात दिनको समय दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको समयभित्र निवेदकले थप कागजात पेस गरेमा वा थप स्पष्ट गरेमा सो मितिलाई नै निवेदन परेको मिति मानिनेछ।

१०. <u>अनुमतिपत्र दिनु पर्नेः</u> (१) दफा ९ बमोजिम परेका निवेदन उपर आवश्यक जाँचबुझ गर्दा यो ऐन बमोजिम अनुमति दिन उपयुक्त देखिएमा तोकिएको अधिकारीले आयोजना लागत, सेवा स्तर, सेवा क्षेत्र, आयोजनाको किसिम वा प्राविधिक जटिलता तथा भौगोलिक अवस्थिति लगायतका आधारमा सामान्यतया निवेदन परेको मितिले साना आयोजनालाई तिस दिन र अन्य आयोजनालाई साठी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

दिनभित्र आवश्यक सर्त उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अनुमति पत्र दिनु पर्नेछ।

तर, कुनै कारणले अनुमति दिनु नपर्ने भए सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अगावै खानेपानी तथा सरसफाई सम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन तथा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गरिरहेका सङ्गठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र नलिएका सङ्गठित संस्थाले खानेपानी, सरसफाई तथा स्वच्छता सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन।

११. <u>सर्वेक्षण अनुमतिपत्र सम्बन्धी व्यवस्थाः</u> (१) खानेपानी तथा सरसफाई सम्बन्धी सेवा, आयोजना वा सेवा प्रणालीको सर्वेक्षण गर्न चाहने सेवा प्रदायक वा सङ्गठित संस्थाले तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षणका लागि दिईने अनुमतिपत्रको अवधि सेवा वा आयोजनाको प्रकृतिका आधारमा बढिमा दुई वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र सर्वेक्षण गर्ने कार्य सम्पन्न गर्न नसकेमा त्यस्तो अनुमतिपत्र स्वतः खारेज हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(४) सर्वेक्षण अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा, दस्तुर, प्रक्रिया र सर्भेक्षण अनुमति शुल्क, म्याद थप लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. <u>अनुमतिपत्रको अवधिः</u> (१) दफा ८ बमोजिम खानेपानी तथा सरसफाई सम्बन्धी सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत व्यावसायिक तथा औद्योगिक उपयोग गर्नको लागि दिइने अनुमतिपत्रको अवधि सेवा वा आयोजनाको प्रकृतिका आधारमा बढीमा पच्चिस वर्षसम्मको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि थोक, टयाङ्कर या बोतल बन्द रूपमा खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायकको हकमा अनुमतिपत्रको अवधि तोकिए बमोजिम हुनेछ।

(३) अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा तीन महिना अगावै तोकिएको दस्तुर सहितको ढाँचामा नवीकरणको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरणका लागि त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई दुई वर्षमा नबढाई अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम नवीकरण नगराउने अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै अनुमतिपत्र प्राप्त संस्थालाई उपदफा (१) मा तोकिएको अवधिभन्दा कम अवधिको अनुमतिपत्र दिइएको रहेछ भने त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा तोकिएको अवधि समाप्त हुनुभन्दा कम्तीमा तिस

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

दिन अगाडि अनुमतिपत्रको अवधि थप गर्न तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम कुनै निवेदन परेमा तोकिएको अधिकारीले यो निवेदनमा आयोजनाको प्रगति तथा तोकिएका आधारहरूको आवश्यक जाँचबुझ गरी उपदफा (१) को अधीनमा रही पाँच वर्षमा नबढ्ने गरी अनुमतिपत्रको अवधि थप गर्नुपर्नेछ।

१३. <u>अनुमतिपत्र प्रदान नगरिने:</u> (१) यस ऐन बमोजिम कुनै सेवा क्षेत्रमा खानेपानी तथा सरसफाई सम्बन्धी सेवा प्रदान गर्न, आयोजना या सेवा प्रणालीको निर्माण सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक संस्थागत व्यावसायिक तथा औद्योगिक उपयोगको लागि कुनै सङ्गठित संस्थालाई अनुमतिपत्र दिइएकोमा त्यस्तो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा अनुमतिपत्र प्राप्त गरेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्ने गरी अन्य कुनै सङ्गठित संस्थालाई अनुमतिपत्र प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अन्य सङ्गठित संस्थालाई अनुमतिपत्र दिन सकिनेछः-

(क) सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा,

(ख) नियमित रुपमा खानेपानी वितरण नगरेमा,

(ग) माग अनुसारको खानेपानी आपूर्ति गर्न नसकेमा, वा

(घ) दफा १४ बमोजिम अनुमतिपत्र खारेज भएमा।

१४. <u>अनुमतिपत्र खारेज:</u> (१) देहायको अवस्थामा तोकिएको अधिकारीले अनुमतिपत्रमा उल्लिखित काममा आवश्यक सुधार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

गर्न वा निर्माण कार्य सम्पन्न गरी सेवा सञ्चालन गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरीत कुनै काम गरेमा;

(ख) नियमित रुपमा खानेपानी तथा सरसफाई सम्बन्धी सेवा उपलब्ध नगराएमा;

(ग) खानेपानी तथा सरसफाई सेवा प्रदान गरे वापत तोकिएको भन्दा बढी शुल्क लिएमा;

(घ) अनुमतिपत्रमा उल्लिखित अवधिभित्र आयोजना या सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन नगरेमा।

(२) उपदफा (१) बमोजिम दिएको आदेशको पालना नगरेमा वा अनुमतिपत्रमा तोकिएको सर्तको उल्लङ्घन गरेमा तोकिएको अधिकारीले दफा १० बमोजिम दिएको अनुमतिपत्र खारेज गर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आफ्नो सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

१५. <u>विवरण पेस गर्नु पर्नेः</u> देहायको विवरण स्थानीय तहले मन्त्रालय समक्ष तथा मन्त्रालयले नेपाल सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेस गर्नु पर्नेछः-

(क) अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाको नाम र संख्या,

ओन्लाईन कानून मन्त्रालय, विराटनगर

(ख) अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाहरूले सेवा दिने क्षेत्र,

(ग) अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाहरूको अनुमतिपत्रको अवधि र तोकिएको सर्त,

(घ) प्रदेश वा स्थानीय तह आफैंले सञ्चालन गरेका आयोजनाको सङ्ख्या र अन्य आवश्यक विवरण।

(ङ) प्रदेश र स्थानीय तहले उपयुक्त सम्झेको अन्य विवरण।

१६. <u>संरचनाको हस्तान्तरणः</u> (१) अनुमतिपत्र प्राप्त संस्थाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाई सेवा सम्बन्धी आयोजना र सो सम्बन्धी संरचनाहरू अनुमतिपत्रको अवधि समाप्त भएपछि उक्त आयोजना तथा सेवा प्रणाली र सो सम्बन्धी संरचना चालु अवस्थामा प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने आयोजनाको हकमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायलाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) सेवा प्रदायकले सञ्चालन गरेका खानेपानी तथा सरसफाई आयोजना र सोको संरचनाहरू अनुमतिपत्र अवधि समाप्त भएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरू तोकिए बमोजिमको प्रक्रिया पूरा गरी सेवा प्रदायकले हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (३) प्रयोजनको लागि अनुमतिपत्रको अवधी समाप्त वा खारेजी भएको एक वर्षभित्र उक्त खानेपानी तथा सरसफाई आयोजना सञ्चालनका लागि सम्बन्धित क्षेत्रमा प्रदेश

सरकारको सम्बन्धित निकायको सहजीकरणमा स्थानीय तह मार्फत वा सेवा प्रदायक मार्फत सञ्चालन गर्न गराउन तोकिए बमोजिम कुनै सेवा प्रदायकलाई आयोजना हस्तान्तरण गर्न सक्नेछ।

## परिच्छेद-४

## आयोजना निर्माण तथा सञ्चालन सम्बन्धी व्यवस्था

१७. **आयोजना निर्माण गर्दा सेवा क्षेत्र तोक्नुपर्ने**: कुनै पनि निकायले आयोजना निर्माण गर्दा तोकिए बमोजिमको मापदण्डको आधारमा सो आयोजनाले ओगट्ने सेवा क्षेत्र तोक्नु पर्नेछ र आयोजनाको सामाजिक, आर्थिक तथा प्राविधिक सम्भाव्यता अध्ययन र वातावरणीय मूल्यांकन गर्दा त्यसरी तोकिएको सेवा क्षेत्रलाई आधार लिइनेछ।

१८. **आयोजना वर्गीकरण गरी निर्माण गर्न सकिने:** (१) यो ऐन लागू भएपछि निर्माण हुने आयोजनाको हकमा त्यस्तो आयोजनाको निर्माण लागत, सेवास्तर, सेवा क्षेत्र, आयोजनाको किसिम वा प्राविधिक जटिलता तथा भौगोलिक अवस्थिति समेतलाई आधार लिई मन्त्रालयले आयोजनाको वर्गीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वर्गिकरण तथा आयोजना कार्यान्वयन तोकिए बमोजिम हुनेछ।

१९. **स्थानीय तहसँग समन्वय गर्न सक्ने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना निर्माण, सञ्चालन र व्यवस्थापन गर्दा मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

२०. **प्रदेश सरकारले आयोजना निर्माण गर्न सक्ने:** (१) प्रदेशमा रहेका बासिन्दालाई आधारभूत खानेपानी तथा सरसफाई सेवा पुऱ्याउनु प्रदेश सरकारको दायित्व हुनेछ।

(२) प्रदेश सरकारले तोकिए बमोजिमका आयोजनाहरू मन्त्रालय वा मन्त्रालय मातहतका कार्यालय मार्फत कार्यान्वयन गर्न गराउन सक्नेछ।

(३) प्रदेश सरकारले आयोजना कार्यान्वयन गर्दा उपभोक्ता वा सम्बन्धित स्थानीय तहको तोकिए बमोजिम सह लगानी वा अन्य कुनै किसिमको सहभागिता गराउन सक्नेछ।

(४) कुनै पनि निकायले खानेपानी आपूर्ति वा ढल व्यवस्थापन गराउने उद्देश्यले आयोजना कार्यान्वयन गर्दा खानेपानी शुद्धीकरण वा ढल प्रशोधन गर्ने संयन्त्र समेत जडान गरी एकीकृत रुपमा आयोजना कार्यान्वयन गर्नु पर्नेछ।

(५) खानेपानी आयोजनाहरूको कार्यान्वयन गर्दा लागत अनुमानको कम्तीमा एक प्रतिशत नगद वा जनश्रमदान स्थानीय तह वा स्थानीय उपभोक्ताले बेहोर्नु पर्नेछ।

(६) यस दफा बमोजिम मन्त्रालयले आयोजनाको कार्यान्वयनका अन्य विषय तोकिए बमोजिम हुनेछ।

२१. **अन्य निकायले आयोजनाको निर्माण तथा सञ्चालन गर्न सक्नेः** कुनै पनि सहकारी, सामुदायिक वा गैर सरकारी संस्थाले खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने प्रयोजनको लागि यस ऐन तथा तोकिए बमोजिमका प्रक्रिया पूरा नगरी वा स्वीकृति नलिई कुनै पनि आयोजना निर्माण वा सञ्चालन गर्न पाउने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

२२. **सार्वजनिक निजी साझेदारीमा आयोजना निर्माण तथा सेवा सञ्चालन गर्न सकिने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा कुनै सरकारी निकाय वा सम्बन्धित स्थानीय तहले प्रचलित कानूनको अधीनमा रही सार्वजनिक निजी साझेदारी वा सह लगानीमा आयोजनाको विकास, निर्माण तथा सेवा सञ्चालन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना विकास, निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

२३. **पृथक पृथक (अनबण्डलिङ्ग) गरी आयोजना निर्माण तथा सेवा सञ्चालन गर्न सकिने:** (१) कुनै पनि सेवा प्रणालीका विभिन्न संरचनाहरू पृथक पृथक रूपमा विभक्त गरी तिनको निर्माण एवम् सञ्चालन पृथक पृथक संस्था वा सेवा प्रदायकहरू मार्फत गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम पृथक पृथक रूपमा संचालित सेवा प्रणालीका संचालकहरूले आपसी सम्झौता गरी संयुक्त उपक्रम (कन्सोर्टियम) बनाउन वा मूल सेवा प्रदायकसँग सम्झौता गरी आपसी निर्माण तथा सेवा सञ्चालन गर्न सक्नेछन्।

(३) यस दफा बमोजिम कुनै पनि सेवा प्रणालीका विभिन्न संरचनाहरू पृथक पृथक रूपमा विभक्त गरी तिनको निर्माण एवम् सञ्चालन गरिने आयोजनाका सर्त तथा अन्य बिषय तोकिए बमोजिम हुनेछ।

२४. **सम्पन्न आयोजनाको सेवा प्रणालीको स्वामित्व र सञ्चालन:** (१) मन्त्रालय वा अन्तर्गतका अन्य कुनै सरकारी निकायले निर्माण गरेको आयोजना प्रदेश सरकारको स्वामित्वमा रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका आयोजनाको विभिन्न संरचनाहरू सहितका चल अचल सम्पत्तिको स्वामित्व आफैंमा वा स्थानीय तहमा निहित रहने गरी तोकिए बमोजिम सम्बन्धित स्थानीय तह वा उपभोक्ता संस्था वा कुनै सेवा प्रदायकलाई सञ्चालन, व्यवस्थापन तथा भोग चलनका लागि हस्तान्तरण गर्न सक्नेछ।

(३) आयोजना निर्माण गर्ने अन्य कुनै निकाय वा संस्था आफैंले सेवा प्रणाली सञ्चालन गरी सेवा प्रदान गर्ने नभएमा त्यस्ता आयोजनाहरूको स्वामित्व अनुमति पत्रमा उल्लेख गरिए अनुरुप सम्बन्धित स्थानीय तह वा उपभोक्ता संस्था कुनै सेवा प्रदायकमा हस्तान्तरण गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम भोगचलनका लागि हस्तान्तरण गरिएका आयोजनाको भोगचलन अवधी तोकिए बमोजिम हुनेछ।

(५) संघ वा प्रदेशबाट सम्पन्न वा सञ्चालित दुई वा दुई भन्दा बढि खानेपानी आयोजनाहरू सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाको निर्णयले एकीकृत हुन सक्ने छन्।

## परिच्छेद-५

## खानेपानी तथा सरसफाई सम्बन्धी सेवा सञ्चालन सम्बन्धी व्यवस्था

२५. **खानेपानी तथा सरसफाई सम्बन्धी सेवा उपलब्ध गराउनु पर्नेः** (१) सेवा प्रदायकले आफ्नो सेवा क्षेत्रभित्र न्यायोचित रुपले खानेपानी तथा सरसफाई सम्बन्धी सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि उचित व्यवस्था गरेर

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ।

(३) सार्वजनिक स्थानमा वा अन्य कुनै सार्वजनिक प्रयोजनको लागि खानेपानी तथा सरसफाई सम्बन्धी सेवा उपलब्ध गराउनका लागि मन्त्रालय वा स्थानीय तहले सेवा प्रदायकलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नु पर्नेछ र मर्मत सम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा वैकल्पिक व्यवस्था गर्नु पर्नेछ।

(५) सेवा प्रदायकले खानेपानी सेवा वितरण समय तालिका प्रकाशन गरी सबै उपभोक्ताहरूलाई सूचित गराउनु पर्नेछ। कुनै कारणवस खानेपानी सेवा सुचारु हुन नसक्ने अवस्था सृजना भएमा सेवा प्रदायक संस्थाले परिवर्तित तालिका बारेमा पनि सबै उपभोक्ताहरूलाई अग्रिम सूचना दिनुपर्नेछ।

(६) सेवा प्रदायकले खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निस्कने फोहोरपानीको व्यवस्थापनका लागि सो सम्बन्धमा आपसी सम्झौता गरी सेवा प्रदान गर्न सक्नेछ।

(७) सेवा प्रदायकले खानेपानी सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरेको हुनु पर्नेछ।

(८) सेवा प्रदायकले सरसफाई प्रणालीमा कार्यरत सरसफाई कामदारहरूको व्यावसायिक स्वास्थ्य तथा सुरक्षामा पर्याप्त व्यवस्था गरी कार्यन्वयन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(९) मन्त्रालयले यस प्रदेशमा रहेका सेवा प्रदायकले आपूर्ति गर्ने खानेपानीको सेवास्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि खानेपानीको सेवास्तरको लागि आवश्यक सूचकहरू निर्धारण गर्न सक्नेछ।

२६. <u>धारा तथा मिटर जडानः</u> (१) खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको सेवा प्रदायक समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सेवा प्रदायकले तोकिएको शुल्क लिई तोकिएको समयभित्र प्रत्येक घरधुरीको लागि एक धारा तथा एक मिटर जडान गरिदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्रभित्रका धाराहरूमा मिटर जडान गर्न नसकिएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) माथि जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक रुपमा विपन्न दश प्रतिशत घरधुरीलाई आफ्नो सेवा क्षेत्रभित्र निःशुल्क धारा जडानको व्यवस्था तोकिए बमोजिम उपभोक्ता समितिले गर्नुपर्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "विपन्न घरपरिवार" भन्नाले प्रचलित कानूनले तोकेको आय भन्दा कम आय भएको घरपरिवार सम्झनु पर्छ।

२७. <u>करार गरी खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्न सक्नेः</u> (१) प्रदेश सरकारले निर्माण वा सञ्चालन गरेको वा प्रदेश सरकारको स्वामित्वमा रहेको कुनै खानेपानी सेवा, सरसफाई सेवा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

आयोजना वा सेवा प्रणाली कुनै सङ्गठित संस्थालाई प्रदेश सरकारले सञ्चालन तथा व्यवस्थापन करारमा दिई सञ्चालन गर्न वा गराउन सक्नेछ।

(२) खानेपानी सेवा, सरसफाई सेवा आयोजना वा सेवा प्रणाली सञ्चालन तथा व्यवस्थापन करारमा दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **ढल व्यवस्थापन सेवा सञ्चालनः** (१) ढल सेवा प्रयोग गर्न चाहने उपभोक्ताहरूले सम्बन्धित सेवा क्षेत्रको सेवा प्रदायक समक्ष तोकिए बमोजिमको निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि सेवा प्रदायकले तोकिएको शुल्क लिई तोकिएको समयभित्र ढलको व्यवस्थापन गर्नु पर्नेछ। साथै, ढल सेवा उपलव्ध नभएको क्षेत्रहरूमा सुरक्षित तथा व्यवस्थित घुम्ती सेप्टिक ट्यांक सफाई सेवा उपलब्ध गराउनु पर्नेछ।

(३) ठुला प्रकृतिका ढल व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले नेपाल सरकार तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्न सक्नेछ।

(४) ढल सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **खरिद बिक्री गर्न सक्नेः** यस ऐन बमोजिम सेवा प्रदायकहरूले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रुपमा खरिद बिक्री गर्न सक्नेछन्।

३०. **सेवा बन्द गर्न सक्नेः** (१) काबु बाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवा प्रणालीबाट उपलब्ध गराईरहेको खानेपानीको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

सेवाको स्तरमा असर पर्ने भएमा, गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी सेवा प्रदायकले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ।

(२) सेवा प्रदायकले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गर्नु पर्ने अवस्था सृजना भई खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले वैकल्पिक व्यवस्था गरी उपभोक्तालाई खानेपानी उपलब्ध गराउनु पर्नेछ।

(३) काबु बाहिरको परिस्थति उत्पन्न भई ढल निकास प्रणालीबाट विसर्जन भइरहेको फोहोरपानीको व्यवस्थापन गर्न नसक्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी सेवा प्रदायकले सार्वजनिक सूचना प्रकाशन गरी यथासम्भव छिटो त्यस्तो फोहोरपानीको उचित व्यवस्थापन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम फोहोरपानीको व्यवस्थापन नभएसम्मका लागि सो को वैकल्पिक व्यवस्था गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र सेवा प्रदायकले आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको र उपदफा (३) बमोजिम ढल निकास प्रणालीबाट विसर्जन भइरहेको फोहोरपानीको व्यवस्थापन गर्न नसकेको अवधिको शुल्क या महशुल लिन पाउने छैन।

(६) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने, चोरी गर्ने, अनधिकृत उपयोग गर्ने, सेवाको दुरुपयोग गर्ने वा सेवा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

उपयोग गर्दा पालना गर्नुपर्ने सर्तको उल्लंघन गर्ने उपभोक्ताको सेवा सम्बन्धित संस्थाले विलम्ब शुल्क लिन वा पूर्वसूचना दिई बन्द गर्न सक्नेछ।

(७) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरिदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा पुन सुचारु गरिदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाईएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ।

३१. <u>निजी वा सार्वजनिक जग्गामा पाईप बिछ्याउन वा अन्य संरचना बनाउन सक्नेः</u> (१) सेवा प्रदायकले उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाईप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ।

(२) सेवा प्रदायकले कुनै व्यक्तिको निजी जग्गामा पाईप बिछ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गा धनीसँग उक्त जग्गा खरीद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन सक्नेछ।

(३) उपदफा (२) वमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा सेवा प्रदायकले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(४) सेवा प्रदायकले खानेपानी तथा सरसफाई सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो यस ऐन र प्रचलित कानून बमोजिम सोको उचित क्षतिपूर्ति दिनु पर्नेछ।

३२. <u>घर जग्गामा प्रवेश गर्न सक्ने</u>: (१) खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कामको सिलसिलामा सेवा प्रदायकको प्रतिनिधि कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा सेवाको अनाधिकृत उपयोग गरिरहेको जानकारी प्राप्त भएमा वा शङ्का लाग्ने पर्याप्त आधार र कारण भएमा सोको लागि पूर्व सूचना नदिई पनि साक्षीको रोहवरमा त्यस्तो व्यक्तिको घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घरजग्गा धनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुँदैन।

(४) उपदफा (१) वा (२) बमोजिमको घरजग्गामा प्रवेश गर्ने कर्मचारीले घर जग्गा धनीको सम्पत्तिमा हानी नोक्सानी गरेको पाईएमा सम्बन्धित सेवा प्रदायकले त्यस्तो घर जग्गा धनीलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

३३. <u>सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा</u>: (१) खानेपानी तथा सरसफाई आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि सेवा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

प्रदायकले लिखित अनुरोध गरेमा आवश्यकता अनुसार प्रदेश सरकारले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायकको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही सेवा प्रदायकले बेहोर्नु पर्नेछ।

## परिच्छेद-६

## महसूल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

३४. **महसुल तथा सेवा शुल्क निर्धारण समितिः** (१) खानेपानी तथा सरसफाई सम्बन्धी सेवा उपलब्ध गराए बापत उपभोक्तासँग खानेपानी, सरसफाई तथा स्वच्छता उपभोक्ता समिति बाहेकको अनुमतिप्राप्त संस्थाले लिने महसुल तथा सेवा शुल्क निर्धारण गर्न देहाय बमोजिमको महसुल तथा सेवा शुल्क निर्धारण समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय वा निजले तोकेको मन्त्रालयको वरिष्ठ कर्मचारी | -अध्यक्ष |
| (ख) | मन्त्रालयले मनोनीत गरेको सम्बन्धित विषय विज्ञ कम्तीमा एकजना महिला सहित दुई जना | -सदस्य |
| (ग) | सम्बन्धित योजनाको आधिकारिक प्रतिनिधि | -सदस्य |
| (घ) | सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय | -सदस्य सचिव |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज अर्को एक अवधिको लागि पुनः नियुक्ति हुन सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको समितिले निर्धारण गरेको महसुल मन्त्रालयले प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

३५. <u>महसुल, दस्तुर वा सेवा शुल्क लिन पाउने अधिकारः</u> (१) सेवा प्रदायकलाई उपभोक्ताले खानेपानी तथा सरसफाई सम्बन्धी सेवा उपयोग गरे बापत समितिले निर्धारण गरे बमोजिमको महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।

(२) खानेपानी तथा सरसफाई सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ताले सेवा प्रदायकलाई बुझाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक रुपले विपन्न घरपरिवार वा सीमान्तकृत वर्ग, एकल महिला, लोपोन्मुख जाति, दलित, विपन्न वर्गका घरधुरीलाई धारा जडान, चर्पी निर्माण, ढल जडान शुल्क तथा सेवा महशुल आदिमा सहुलियत प्रदान गर्न सकिनेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "**विपन्न घरपरिवार**" भन्नाले प्रचलित कानूनले तोकेको आय भन्दा कम आय भएको घरपरिवार सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(४) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्ने सेवा प्रदायकले आफ्नो सेवा क्षेत्रभित्र आफुले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

३६. <u>खानेपानी तथा सरसफाई महसुल निर्धारण:</u> (१) खानेपानी तथा सरसफाई सम्बन्धी सेवाको महसुल तथा शुल्क निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरूको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रय शक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, सम्बन्धित स्थानीय तहको नीति र खानेपानी तथा सरसफाईमा पहुँच सम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ।

(२) समितिले खानेपानी महशुल निर्धारणका आधारहरू तय गर्न र यस विषयमा प्राविधिक सहयोग उपलब्ध गराउन माग गरेमा मन्त्रालय र सम्बन्धित स्थानीय तहले आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

(३) व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाई सम्बन्धी सेवाको महसुल तथा शुल्क समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) माथि जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समितिले उपलब्ध गराउने खानेपानी तथा सरसफाई सम्बन्धी सेवाको महशुल तथा शुल्क उपभोक्ता समितिको प्रस्तावमा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

३७. **<u>मिनाहा वा छुट दिन सक्ने</u>:** (१) सेवा प्रदायकले आयोजनाबाट लाभान्वित हुने सीमान्तकृत वर्ग, विपन्न एकल महिला, लोपोन्मुख जाती, दलित, विपन्न वर्गका लागि घरमा शुरु धारा जडान शुल्क, धरौटी, सदस्यता शुल्कमा विशेष छुट दिन सकिनेछ।

(२) कुनै विपद् वा विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, आर्थिक रुपमा विपन्न परिवार वा नेपाल सरकारले सूचिकृत गरेका सिमान्तकृत परिवारले अनुमतिपत्र प्राप्त सेवा प्रदायक संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महशुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिनु पर्नेछ।

३८. **<u>असुल उपर गर्न सक्ने</u>:** यस ऐन बमोजिम खानेपानी, सरसफाई, स्वच्छता सेवाको साथै ढल सुविधा समेत उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित सेवा प्रदायकले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ।

## परिच्छेद-७

## <u>खानेपानी तथा सरसफाई सम्बन्धी सेवाको गुणस्तर तथा मापदण्ड</u>

३९. **<u>गुणस्तर तथा मापदण्ड तोक्न सक्ने</u>:** (१) प्रदेश सरकारले आफ्नो क्षेत्रका लागि खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(२) सेवा प्रदायकले उपदफा (१) बमोजिम तोकेको गुणस्तर मापदण्डको पालना गरी सुरक्षित तथा गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, तिलोत्तमा

(३) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास अवस्थाको लागि खानेपानीको गुणस्तर कायम राख्न कुनै खास विधि वा तरिका तोक्न सक्नेछ।

(४) मन्त्रालयले खानेपानीको गुणस्तर मापन तथा परीक्षणका लागि सार्वजनिक निजी साझेदारी तथा सह लगानीमा प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(५) प्रयोगशालाको स्थापना तथा सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) सार्वजनिक शौचालय, सार्वजनिक स्थल (बजार, राजमार्ग, धार्मिक तथा पर्यटकीय स्थल लगायत), संस्थागत (कार्यालय, उद्योग, कलकारखाना, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि) तथा निजी खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी भौतिक संरचनाहरू वातावरण, बालबालिका, महिला, जेष्ठ नागरिक, लैंगिक तथा अपाङ्गता मैत्री बनाउनु पर्नेछ।

(७) उपदफा (१) बमोजिम तोकिएको गुणस्तर आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ।

४०. <u>मानव मलमूत्र तथा फोहोरपानी प्रशोधन गर्नुपर्नेः</u> (१) कसैले पनि नेपाल सरकार र प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोरपानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाईने छैन।

(२) कसैले सञ्चालन गरेको उद्योग, व्यवसाय, घर वा अन्य प्रयोजनबाट उत्सर्जित फोहोरपानी ढल निकास प्रणालीमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमाभित्र रही मिसाउनु पर्नेछ।

(३) उपभोक्ताहरूले मन्त्रालय, सम्बन्धित स्थानीय तह र अन्य सम्बन्धित निकायको समन्वयमा मलमुत्र र फोहोरपानी प्रशोधन गर्ने संरचना निर्माण र सञ्चालन गर्न सक्नेछ।

४१. <u>दिसाजन्य लेदो व्यवस्थापन गर्ने:</u> (१) दिसाजन्य लेदो व्यवस्थापन तथा फोहोरपानी संकलन गर्ने प्रणालीको निर्माण र प्रशोधन केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) फोहोरपानी तथा दिसाजन्य लेदो ब्यवस्थापन तथा प्रशोधन केन्द्र स्थापनाको लागि स्थानीय तह र निजी क्षेत्रसँग प्रदेश सरकारले साझेदारी गर्न सक्नेछ।

## परिच्छेद-८

## <u>नियमन, अनुगमन तथा निगरानी सम्बन्धी</u>

४२. <u>नियमन तथा अनुगमन:</u> (१) मन्त्रालय वा मातहतका कार्यालयले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा सेवा प्रदायकबाट प्रदेश सरकार मातहत निर्माण सम्पन्न भएका वा निर्माणाधिन वा प्रदेशको मापदण्डभित्र पर्ने गरी सञ्चालन भएको खानेपानी आयोजनाहरूबाट आपूर्ति भएको खानेपानी, सरसफाई र स्वच्छता सेवाको गुणस्तर र सेवास्तरको बारेमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्थानीय तहको समन्वयमा सम्बन्धित आयोजना वा सेवा प्रणाली भित्र भएका सरोकारवालाहरूको सहभागितामा अनुगमन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा सेवा प्रदायकद्वारा आपूर्ति गरिरहेको खानेपानी वा बिसर्जन गरेको



आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

फोहोरपानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको अनुगमनको क्रममा मन्त्रालयले खानेपानी तथा सरसफाई सम्बन्धी सेवाको स्तर सुधार गर्न आवश्यक देखेमा वा खानेपानीको मापदण्ड बमोजिम भएको नपाईएमा सम्बन्धित सेवा प्रदायकलाई गुणस्तर र मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम दिईएको निर्देशन पालना गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ।

(६) मातहतका कार्यालयले प्रदेश सरकार मातहत निर्माण सम्पन्न भएका वा निर्माणाधीन वा प्रदेशको मापदण्डभित्र पर्ने गरी खानेपानी तथा सरसफाईको सेवा व्यवस्थापन तथा सञ्चालन गरिरहेका खानपानी तथा सरसफाई उपभोक्ता समितिहरूको नियमन तोकिए बमोजिम हुनेछ।

(७) खानेपानी तथा सरसफाई सम्बन्धी सेवाको स्तर, गुणस्तर तथा मापदण्डको अनुगमन तथा नियमन सम्बन्धी सूचक लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. <u>निरीक्षक तोक्नु पर्ने:</u> खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा तोकिएका गुणस्तर र मापदण्डको कार्यान्वयन, अनुगमन र निगरानीका लागि सम्बन्धित विषयको विज्ञता भएको कर्मचारीलाई मन्त्रालयले निरीक्षक तोक्न सक्नेछ।

४४. <u>निगरानी गर्ने:</u> सेवा प्रदायकले उपलब्ध गराएको खानेपानीको नमूना संकलन गरी त्यसको परीक्षण तथा विश्लेषणको आधारमा खानेपानीको गुणस्तर तथा निस्काशित फोहोरपानीको मापदण्ड



आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

कायम भए नभएको सम्बन्धमा निरीक्षकले नियमित रुपमा निगरानी गर्नु पर्नेछ।

*स्पष्टीकरणः* यस दफाको प्रयोजनको लागि **"निगरानी"** भन्नाले खानेपानी तथा सरसफाई सम्बन्धी सेवा प्रवाहका क्रममा गुणस्तरको न्यूनताबाट जनस्वास्थ्यमा पर्न सक्ने असर वा प्रभावलाई ध्यानमा राखी सेवाको उपयोग र त्यसको गुणस्तर सम्बन्धमा नियमित रूपमा नमूना तथा आवश्यक सूचना संकलन गरी विश्लेषण गर्ने र प्राप्त नतिजाका आधारमा सुधारका लागि सुझाव दिने कार्य सम्झनु पर्छ।

## परिच्छेद-९

## प्रदेश खानेपानी तथा सरसफाई समन्वय समिति सम्बन्धी व्यवस्था

४५. **खानेपानी तथा सरसफाई समन्वय समितिः** (१) प्रदेश सरकारको खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा प्रदेश सरकारलाई नीतिगत सल्लाह र सुझाव दिन र अन्तर निकायहरूसँग समन्वय कायम गर्न देहाय बमोजिमको एक प्रदेश खानेपानी तथा सरसफाई समन्वय समिति रहनेछः-

(क) मन्त्री वा राज्यमन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश सभाको मन्त्रालयसँग सम्बन्धित विषयगत समितिबाट मनोनित एक जना -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(ङ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(च) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(छ) अध्यक्ष, प्रदेश स्तरीय नेपाल नगर-पालिका संघ -सदस्य

(ज) अध्यक्ष प्रदेश स्तरीय गाउँपालिका महासंघ -सदस्य

(झ) महिला प्रतिनिधि, खानेपानी सरसफाई उपभोक्ता महासंघ -सदस्य

(ञ) खानेपानी तथा सरसफाई सम्बन्धि विज्ञहरू मध्ये मन्त्रालयबाट मनोनित दुई जना महिला सहित तीन जना -सदस्य

(ट) सचिव, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) मन्त्रालयले डिभिजनको संयोजकत्वमा प्रदेशभित्रका प्रत्येक जिल्लामा जिल्ला खानेपानी तथा सरसफाई समन्वय समिति गठन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(५) उपदफा (४) बमोजिम गठन हुने जिल्ला खानेपानी तथा सरसफाई समन्वय समितिको गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०

## <u>कसुर र सजाय सम्बन्धी व्यवस्था</u>

४६. <u>कसुर र सजायः</u> (१) कसैले देहायको काम गरेमा वा गराएमा यस ऐन बमोजिमको कसुर मानिनेछः-

(क) अनुमति नलिई खानेपानी तथा सरसफाई सम्बन्धी सेवा, आयोजना वा सेवा प्रणालीको निर्माण वा सञ्चालन गरेमा,

(ख) सेवा प्रदायकले अनुमतिपत्रमा तोकिएको सेवा क्षेत्रभित्र खानेपानी प्रणालीबाट नियमित रुपमा खानेपानी सेवा उपलब्ध नगराएमा,

(ग) खानेपानी सेवा तथा सरसफाई सेवाको अनाधिकार प्रयोग गरेमा वा त्यसको दुरुपयोग गरेमा,

(घ) सेवा प्रदायकले जडान गरेको धारामा उपभोक्ताले सो संस्थाको स्वीकृति विना कुनै अवाञ्छित फाईदा लिने उद्देश्यले कुनै कार्य गरेमा,

(ङ) खानेपानीको पाईपबाट कुनै यन्त्र जडान गरी अनाधिकार पानी प्रयोग गर्ने कार्य गरेमा,

(च) जलाधार क्षेत्रभित्र खानेपानी प्रदुषित गर्ने वा पानीको परिमाण वा बहाबमा असर पर्ने कुनै कार्य गरेमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(छ) खानेपानी, सरसफाई तथा स्वच्छता सेवा, आयोजना वा सेवा प्रणालीको कुनै संरचना विगारे वा नष्ट गरेमा,

(ज) तोकिएको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोरपानी ढल निकास प्रणालीमा विसर्जन गरेमा वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाए वा पठाएमा,

(झ) प्रदेश सरकारले तोकेको गुणस्तर तथा मापदण्ड बमोजिम सेवा स्तर र गुणस्तर कायम नगरेमा वा तोकिएको गुणस्तर बमोजिमको खानेपानी आपूर्ती नगरेमा,

(ञ) सेवा प्रदायकले यस ऐन बमोजिम निर्धारण भएको महसुल वा निर्धारित आधार र मापदण्ड विपरित महसुल लिएमा,

(ट) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा वा तोकिएको क्षतिपूर्ति नदिएमा।

(२) उपदफा (१) बमोजिमको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गरेमा एक लाखदेखि दुई लाख रुपैयाँसम्म जरिबाना,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(ख) खण्ड (ख), (ग) र (घ) बमोजिमको कसूर गरेमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ङ) देखि (ञ) सम्मको कसूर गरेमा दुई लाखदेखि चार लाख रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (ट) बमोजिमको कसूर गरेमा पचास हजारदेखि दुई लाख रुपैयाँसम्म जरिबाना।

(३) यस ऐन बमोजिम हुने उपदफा (१) र (२) मा नसमेटिएका कसुर र सजाय सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

४७. **क्षतिपूर्ति भराई दिनसक्नेः** सेवा प्रदायकले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा त्यस्तो सेवा प्रदायकले प्रचलित संघीय कानूनमा निर्धारण गरिए बमोजिमको क्षतिपूर्ति भराई दिनु पर्नेछ।

४८. **अनुसन्धान गर्ने अधिकारी**ः (१) यस ऐन बमोजिमको कसूरको अनुसन्धान गर्ने अधिकार सम्बन्धित डिभिजनको प्रमुखलाई हुनेछ।

(२) अनुसन्धान गर्ने अधिकारीले तोकिए बमोजिमका कार्य, सर्त र प्रक्रिया पूरा गरी कसुर निर्धारण सहितको निर्णय गर्नु पर्नेछ।

४९. **मुद्दाको सुरु कारबाही र किनारा गर्ने प्रक्रिया**ः दफा ४६ बमोजिमको कसुरको अनुसन्धान तथा किनारा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमका व्यवस्था पालना गरी पूरा गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

५०. **पुनरावेदनः** दफा ४६ को उपदफा (१) र दफा ४७ बमोजिम गरिएको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैँतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

५१. **असल नियतले गरेको काम कारबाही उपर सजाय नहुनेः** यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्ने पदाधिकारीले यस ऐन वा प्रचलित कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्दा निजले असल नियतले गरेको काम कारबाहीको विषयलाई लिएर निज उपर कुनै कारबाही हुने छैन।

५२. **मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने यो कानून बमोजिम मुद्दा सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा मानिने छैन।

५३. **विद्युतीय माध्यमबाट गर्न सकिनेः** यस ऐन बमोजिमको मुद्दाको कारवाही सम्बन्धी पत्राचार, निर्णय लगायतका अभिलेखीकरण विद्युतीय माध्यमबाट समेत गर्न सकिनेछ।

## परिच्छेद-११

## विविध

५४. **सेवा प्रदायक सम्बन्धी व्यवस्था:** (१) सेवा प्रदायक प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा दर्ता भएको हुनु पर्नेछ।

(२) सेवा प्रदायकले त्यस्तो सेवा सञ्चालन गर्नु अघि तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(३) सेवा प्रदायक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

५५. <u>उपभोक्ता संस्था वा समिति गठन तथा सञ्चालनः</u> (१) यस ऐन बमोजिम खानेपानी तथा सरसफाई सम्बन्धी सेवा सञ्चालन गर्न चाहने उपभोक्ता संस्था प्रचलित कानून बमोजिम दर्ता भएको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको उपभोक्ता संस्थाको दर्ता तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५६. <u>कार्यक्रम सञ्चालन गर्न सकिनेः</u> (१) प्रदेश सरकारले ग्रामीण तथा शहरी बस्तीलाई स्वच्छ, सफा सुन्दर बनाई राख्न सरसफाई तथा स्वच्छता सम्बन्धी तोकिए बमोजिमका कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछन्।

(२) प्रदेश सरकारले जनतालाई खानेपानी उपलब्ध गराउनको लागि सतही तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा आकाशे पानी सङ्कलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि तोकिए बमोजिम आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

५७. <u>खानेपानीको निर्यात गर्न सक्नेः</u> (१) सेवा प्रदायकले बोतलबन्द वा थोक खानेपानीको निर्यात तथा व्यापार गर्न सक्नेछन्।

(२) बोतलबन्द वा थोक खानेपानीको निर्यात तथा व्यापार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५८. <u>स्वीकृति लिनु पर्नेः</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि खानेपानी तथा सरसफाई सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकायले कुनै संरचना बनाउनु परेमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

५९. <u>भूमिगत पानीको उपयोग सम्बन्धमाः</u> (१) भूमिगत पानी, जलाशयको पानी र कुलो तथा लिफ्टिङ्ग प्रविधि सम्बन्धी

योजनाबाट प्राप्त हुने पानीको उपयोग सम्बन्धमा प्रदेश मन्त्रालयले आवश्यक मापदण्ड बनाई लागु गर्ने छ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही स्थानीय तहले आफ्नो क्षेत्रका लागि आवश्यक मापदण्ड बनाउन सक्नेछन्।

(३) उपदफा (१) बमोजिमको मापदण्डको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

६०. **विद्युतीय एकीकृत नक्सा तयार गर्नु पर्ने:** (१) प्रदेश सरकारले पानीको स्रोत, परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र तथा खानेपानी तथा सरसफाई प्रणालीका सम्पूर्ण अवयवहरू प्रष्ट देखिने गरी तोकिएको समयावधिभित्र विद्युतीय अभिलेख सहितको एकीकृत नक्सा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय एकीकृत नक्सामा प्रदेश सरकार र स्थानीय तहले सम्पन्न गर्ने आयोजनाहरूको विवरण अद्यावधिक गरेको हुनु पर्नेछ।

(३) एकीकृत विद्युतीय अभिलेख एकीकृत नक्सा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६१. **खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना तर्जुमा:** (१) प्रदेश सरकारले मन्त्रालय मार्फत स्थानीय तह, र सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग समन्वय र परामर्श तथा छलफल गरी प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड अनुसार यस प्रदेशका लागि उपयुक्त हुने किसिमका सूचकहरू सहितको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी प्रदेश योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(२) उपदफा (१) बमोजिमको योजना कार्यान्वयनका लागि स्थानीय तह, सम्बन्धित सबै निकाय र सरोकारवालाहरूले सहयोग गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको योजना र यसमा रहने सूचकहरूमा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्न सकिनेछ।

६२. <u>**वातावरणीय अध्ययन गर्ने:**</u> खानेपानी तथा सरसफाई सम्बन्धी नयाँ आयोजना निर्माण गर्दा प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयारी गरी मन्त्रालयको सम्बन्धित अधिकारी वा निकायबाट स्वीकृत गराई आयोजना निर्माण गर्नु पर्नेछ।

६३. <u>**सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने:**</u> मन्त्रालयले सम्बन्धित स्थानीय तह, उपभोक्ता संस्था र स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा सहरी बस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न अन्य संस्थाहरूसँग समेत सहकार्य गरी स्वच्छ तथा सरसफाई सम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ।

६४. <u>**पुरस्कार दिन सक्ने:**</u> (१) खानेपानी तथा सरसफाई व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई मन्त्रालयले प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ।

(२) पुरस्कार सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

६५. <u>**यसै ऐन बमोजिम हुने:**</u> यस ऐनमा व्यवस्था भएको विषयमा यसै ऐन बमोजिम हुने र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

६६. **<u>आदेश वा निर्देशन दिन सक्ने</u>:** मन्त्रालयले सम्बन्धित स्थानीय तह, सेवा प्रदायकलाई खानेपानी तथा सरसफाई आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

६७. **<u>अधिकार प्रत्यायोजन</u>:** यस ऐन बमोजिम प्राप्त अधिकार मध्ये केही अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

६८. **<u>नियम बनाउने अधिकार</u>** : (१) यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियम बनाउन सकिनेछः-

(क) खानेपानी तथा सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापन,

(ख) स्वच्छ तथा गुणस्तरीय खानेपानी वितरण सम्बन्धी,

(ग) खानेपानी तथा सरसफाई सेवाको अनुमतिपत्र तथा सर्वेक्षण अनुमतिपत्र दस्तुर, नवीकरण शुल्क सम्बन्धी,

(घ) खानेपानी तथा सरसफाई सेवाको निर्धारण, तथा मिटर जडान सम्बन्धी,

(ङ) ढल सेवाको शुल्क सम्बन्धी,

(च) पानीको थोक खरिद तथा बिक्री सम्बन्धी,

(छ) खानेपानीको गुणस्तर तथा मापदण्ड,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(ज) प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी,

(झ) खानेपानी निर्यात तथा व्यापार सम्बन्धी,

(ञ) समन्वय समितिको काम कर्तव्य र अधिकार सम्बन्धी,

(ट) खानेपानी तथा सरसफाई सेवाको अनुगमन तथा नियमन, र

(ठ) ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरू।

६९. <u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः</u> मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

प्रमाणीकरण मितिः- २०८२/०५/०२

आज्ञाले,
राम प्रसाद आचार्य
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर